**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ वैशाख २० गते**

प्रदेशमा वैशाख २० गतेसम्म कोरोना भाइरसका शङ्कास्पद २ हजार ४ सय १० जनाको स्वाब सङ्कलन गरिएकोमा १ हजार ९ सय १० जनाको रिपोर्ट आएको छ । जसमा १ हजार ८ सय ९८ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १२ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जानकारी दिनु भयो । ५ सय जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

त्यसैगरी, वैशाख २० गतेसम्म आरडीटी किटबाट ५ हजार २ सय २३ जनाको परीक्षण गरिएकोमा ५ हजार २ सय १३ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १० जनाको रिपोर्ट पोजेटिभ आएको छ ।

प्रदेशमा क्वारेन्टाइन सङ्ख्या १ सय ७५ रहेकोमा ४ हजार १४ क्वारेन्टाइन बेड रहेको छ । वैशाख २० गतेसम्म १ हजार ३ सय ७ जना क्वारेन्टाइनमा रहेका छन् भने ४ हजार ५ सय ३२ जना होमक्वारेन्टाइनमा रहेका छन् । कोरोना आशङ्का गरिएका २३ जना बिरामी आइसोलेशन वार्डमा उपचारार्थ छन् । प्रदेशमा आइसोलेशन बेड सङ्ख्या २ सय ६७ रहेको छ ।

सीमा नाकामा खटिएका सुरक्षाकर्मीका आँखा छलेर चोर बाटो हुँदै भारतको पञ्जाब राज्यमा कमाउन गएका दुई जना युवा वैशाख १९ गते रौतहटको कटहरिया आइपुगेका छन् । पञ्जाबबाट १२ दिनसम्म साइकल चलाएर कटरिया आइपुगेका ती दुई युवालाई घरमा जान नदिएर क्वारेन्टाइनमा पठाइएको ईलाका प्रहरी कार्यालय कटहरियाका प्रहरी नायव निरीक्षक सुरेन्द्र सिंहले जानकारी दिनु भयो ।

बाराको देवताल गाउँपालिका-७ पिपरपाती जब्दीका क्यान्सर पीडित ४५ वर्षीय रामबलेश महतोलाई सोही गाउँपालिकाका अध्यक्ष चन्दन कुमार सिंह र प्रमुख प्रशासकिय अधिकृत राजीव कुमार यादवले क्यान्सर अस्पताल भरतपुर जानका लागि गाउँपालिकाको एम्बुलेन्स नदिएको भन्दै पीडितले वैशाख २० गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका छन् ।

सप्तरी, सिरहा, महोत्तरी र बारा जिल्लाले राहत वितरण कार्यलाई जारी राखेको छ । सप्तरीको महादेवा गाउँपालिका-१ नम्बर वडा कार्यालयले वैशाख २० गते पकरी टोलमा दलित, विपन्न, असहाय परिवारका ७ सय परिवारलाई राहत वितरण गरेको वडा अध्यक्ष जयश्वर किशोर दासले बताउनु भयो । त्यसैगरी सिरहाको विष्णुपुर गाउँपालिका-२ का गरिब, दलित तथा विपन्न परिवारहरूका २ सय ९४ परिवारलाई वैशाख २० गते राहत वितरण गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलदेव यादवले बताउनु भयो । त्यसैगरी महोत्तरीको सोनमा गाउँपालिका-१ मा रहेका अति गरिब विपन्न ३ सय ५० घरपरिवारहरूलाई लक्षित गरी राहत वितरण गरिएको वडा अध्यक्ष अशोक कुमार यादवले जानकारी दिनु भयो । त्यसैगरी बाराको जितपुरसिमरा उपमहानगरपालिका-१८ लामिडाँडाका लकडाउन प्रभावित माझी र मुसहर समुदयका ६५ परिवारलाई सङ्घीय सभा सदस्य रामबाबु कुमार यादवले वैशाख २० गते राहत वितरण गरेको यादवका नीजि सचिव कमलेश मण्डलले बताउनु भयो ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेलका** अनुसार प्रदेश नं. २ सरकारका माननीय मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको कोरोना महामारी नियन्त्रण निर्देशक समितिले राजविराजमा समेत पीसीआर मेशिन जडान गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिएको एक महिना भएपनि कार्यान्वयन भएको छैन ।

स्वास्थ्य कार्यालय सप्तरीले एक विज्ञप्ति जारी गरी वैशाख २० गते थप ८१ जनाको पीसीआर रिपोर्ट नेगेटिभ आएको जनाएको छ । सप्तरीबाट हालसम्म ३ सय ६८ जनाको स्वाब पठाएकोमा ३ सय ६४ जनाको पीसीआर परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको र चार ओटाको रिपोर्ट आउन बाँकी रहेको

विज्ञप्तिमा उल्लेख छ । आरडीटी परीक्षण निरन्तर भइरहेको जनाउँदै स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवले वैशाख २० गतेसम्म १ हजार २३ जनाको आरडीटी परीक्षण भएको जानकारी दिनु भयो ।
त्यसैगरी, निरन्तरको लकडाउनका कारण दाना अभावको कारण सप्तरी जिल्लामा सञ्चालित ४ सय भन्दा बढी पोल्ट्री फार्महरू धरासायी बन्ने अवस्थामा पुगेको छ ।
महादेवा गाउँपालिका-१ कार्यालयले वैशाख २० गते पकरीमा दलित, विपन्न, असहाय परिवारका ७ सय परिवारलाई राहत वितरण गरेको वडा अध्यक्ष जयश्वर किशोर दासले बताउनु भयो । राहत सामग्रीको रुपमा १५ किलो चामल, दुई किलो दाल, एक लिटर खाने तेल र एक किलो नुन वितरण गरिएको छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार बिष्णुपुर गाउँपालिकाले गरीब, दलित तथा विपन्न परिवारहरूको लागि वैशाख २० गते वडा नं. २ मा राहत वितरण गरेको छ । विष्णुपुर गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत कमलदेव यादवले ६८ लाख ३२ हजार बराबरको कोरोना राहत कोष स्थापना गर्ने योजना अनुरूप वडा नं. २ मा २ सय ९४ जनालाई राहत वितरण गरेको बताउनु भयो । गाउँपालिकाको पाँच ओटै वडामा १ हजार ५ सय परिवारलाई राहत दिने योजना रहेको र यसै कोषबाट राहत, औषधी लगायतका सामग्रीहरू वितरण गर्ने योजना रहेको उहाँले बताउनु भयो । राहतमा २५ केजी चामल, दुई केजी दाल, एक केजी चिनी, एक केजी नुन र दुई ओटा साबुन वितरण गरेको यादवले बताउनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार सोनमा गाउँपालिका-१ मा रहेका लकडाउन प्रभावित अति गरिब विपन्न घरपरिवारहरूलाई लक्षित गरि राहत वितरण गरिएको छ ।
लकडाउनका कारण दैनिक ज्यालादारी गरी जिविकोपार्जन गरिरहेका गरिब परिवारहरूको श्रम तथा रोजगारी नहुँदा दैनिक छाक टार्न समस्या परेका कारण गाउँपालिकाको सहयोगमा वडा नम्बर १ द्वारा राहत वितरण गरिएको हो ।
वडामा सर्वदलीय बैठकबाट चुनिएका समितिको पहलमा ३ सय ५० ओटा गरिब विपन्न परिवारलाई गाउँपालिकाले राहत वितरण गरेको र कुनै परिवार छुटेको भए सम्पर्कमा आएर उहाँहरूलाई समेत राहत वितरण गर्ने गाउँपालिका प्रवक्ता एवम् वडा नं. १ का वडा अध्यक्ष अशोक कुमार यादवले जानकारी दिनु भयो ।
गाउँपालिकाले वितरण गरेको राहतमा एक परिवारमा चार जना भन्दा बढी भएमा २० किलो चामल र कम भएमा १० किलो चामल, त्यस्तै दुई किलो दाल, दुई किलो नुन, दुई लिटर तेल, चार थान सबुन, स्वाबिन ५ सय ग्राम, आलु पाँच केजी, चिनी एक किलो, टोकला चिया १ सय ग्राम, रमपम चाउचाउ र बिस्कुट १-१ थान वितरण गरिएको छ ।
त्यसैगरी, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणी पोखरेलले महोत्तरीका विभिन्न स्वास्थ्य संस्थाहरूलाई औषधी तथा उपकरण वितरण गरेका छन् । मन्त्री पोखरेलले स्वास्थ्यकर्मीका लागि पीपीई सेट, मास्क, थर्मल गन र पञ्जा लगायतका स्वास्थ्य सुरक्षाका सामग्री वितरण गरेका हुन् ।
मन्त्री पोखरेलले स्वास्थ्य सेवा विभाग, स्वास्थ्य व्यवस्थापन महाशाखा, साझा सहकारी तथा सहयोगी व्यक्ति तथा सङ्घ-सस्थाहरूबाट प्राप्त स्वास्थ्य सुरक्षाका सामग्रीहरू वितरण गरेको बताउनु भयो ।
प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्री, बर्दिबास नगरपालिका मेयर विदुरकुमार कार्की, गौशाला नगरपालिकाका मेयर शिवनाथ महतो र भंगहा नगरपालिकाका मेयर सञ्जिवकुमार साह मार्फत गाउँ-गाउँको अस्पताल तथा स्वास्थ्य संस्थाहरूलाई औषधी, सुरक्षाका सामग्री तथा उपकरण पठाइएको हो ।

स्वास्थ्य सामग्रीहरूमा १८ हजार थान मास्क, ७५ थान पीपीई सेट, ६ थान थर्मल गन, २ सय ५२ थान साबुन, १० हजार थान पञ्जा, १५ थान थर्मामिटर, ५० थान सुज कभर, १ सय लिटर सेनिटाइजर उपलब्ध गराइएको छ ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्रप्रसाद सिंह**का अनुसार जनकपुरको प्रादेशिक अस्पतालमा जडान गरिएको पीसीआर मेशिनले सङ्क्रमितको नतिजा नेगेटिभ देखाएपछि बन्द गरिएको कोरोना भाइरसको सङ्क्रमणको चेकजाँच कार्य वैशाख २१ गतेदेखि सुरू हुने भएको छ।
जनकपुरधाम प्रादेशिक अस्पतालमा नयाँ पीसीआर मेशिन वैशाख २० गते आएपछि जडान कार्य गरि वैशाख २१ गतेदेखि परीक्षण सुरू गरिने प्रयोगशालाका प्रमुख रामविनय साहले बताउनु भयो।
दैनिक १० जनाको रिपोर्ट दिने गरि पीसीआर मेशिन जडान गरिएको छ। गलत नतिजा दिने पीसीआर मेशिनलाई थन्काइएपछि प्रादेशिक अस्पताल जनकपुरमा सोही खालको अर्को मेसिन आइपुगेको छ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार कोरोना भाइरसको सङ्क्रमण फैलन नदिन रौतहटमा लकडाउनमा कडाई गरिएको भनिएता पनि भारतबाट लुकी छिपी नेपाल प्रवेश गर्ने क्रम रोकिएको छैन। विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना सङ्क्रमण नियन्त्रण गर्न भन्दै रौतहटका भारतीय सीमा नाकामा सिसिटिभी सहित बाक्लो सङ्ख्यामा दुबै राष्ट्रका सुरक्षाकर्मी तैनाथ गरिएको भएपनि अनाधिकृत रूपमा सीमा नाकाबाट नेपाल प्रवेश गर्नेको सङ्ख्या बढ्दो छ।
भारतको पञ्जाब राज्यमा कमाउन गएका कटहरिया नगरपालिका-५ का विवेक यादव र सोही नगरपालिका-८ बलुआ टोलका जुना यादव पञ्जाबबाट १२ दिनसम्म साइकल चलाएर सीमा नाकामा साइकल छोडेर वैशाख १९ गते कटहरिया आइपुगेका छन्।
भारतमा पनि लकडाउन भएको अवस्थामा काम बन्द भएपछि चोर बाटो हुँदै कटहरिया आइपुगेको उनीहरू बताउछन्। पञ्जाबबाट आठ जनाको समूहमा रौतहट स्थित घर फर्किने क्रममा उनीहरूको समूहमा रहेका अन्य ६ जनालाई भने भारतीय प्रहरीले भारतमै नियन्त्रणमा लिई क्वारेन्टाइनमा राखेको उनीहरू बताउँछन्। दुई जनाले साइकल सीमा नाकामै छोडेर कटहरिया प्रवेश गरेको खबर प्राप्त भएपछि उनीहरूलाई घरमा जान नदिएर क्वारेन्टाइनमा पठाइएको ईलाका प्रहरी कार्यालय कटहरियाका सई सुरेन्द्र सिंहले जानकारी दिनु भयो।
रौतहट सहित नेपालका अन्य कोरोना सङ्क्रमित मध्य अधिकाँश बिरामी विभिन्न चोर बाटो हुँदै भारतबाट नेपाल आएको पुष्टि भएपछि सीमा नाकामा थप कडाई गरिएको छ। तर, जसरी पनि घर आइपुग्ने हुटहुटीले लकडाउनमा सुरक्षाकर्मीको आँखा छलेर भारतबाट नेपाल प्रवेश गर्ने क्रम अझै रोकिन सकेको छैन । लुकेर नेपाल भित्रिने अनि क्वारेन्टाइन छल्नेहरूका कारण कोरोना भाइरस सङ्क्रमणको जोखिम झनै बढेपछि रौतहटका नागरिक त्रसित देखिन्छन्।
रौतहटमा हालसम्म तीन जनामा कोरोना भाइरसको सङ्क्रमण भेटिएकोमा तीनै जना छिमेकी मुलुक भारतबाट आएका हुन्। नेपाल प्रवेश गर्नेहरू पनि क्वारेन्टाइनमा नबसी लुकि छिपी बस्ने गरेका छन्। यसैपनि कोरोना सङ्क्रमणको संवेदनशिल र सावधानीलाई ध्यानमा लिएर भारतबाट कत्ति मान्छे गाउँघर भित्रिए भन्ने यथार्थ विवरण कसैसँग छैन।
उच्च सतर्कताका साथ क्वारेन्टाइनमा राख्नु पर्नेमा कतिपयलाई भने प्रशासनले नियन्त्रणमा लिई थर्मन गनको सहायताले ज्वरो जाँची उच्च ज्वरो भेटिएको अवस्थामा मात्र क्वारेन्टाइनमा राख्ने गरिएको स्थानीय बताउँछन्। यसरी भारतीय सीमा नाकाबाट लुकिछिपि नेपाल प्रवेश गर्ने र क्वारेन्टाइनमा पनि नबस्नेहरूबाट कोरोना भाइरस फैलिन सक्ने भएका कारण रौतहटका नागरिक त्रसित बनेका हुन्।

यता जिल्ला प्रशासन कार्यालय रौतहटले भने भारतबाट लुकिछिपी भारतीय तथा नेपाली नागरिक प्रवेश गर्ने गरेको पाइएपछि सीमा क्षेत्रमा उच्च सतर्कता अपनाइएको जानकारी दिएको छ । रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बाहिरबाट आएकाहरूलाई अनिवार्य क्वारेन्टाइन पठाउन सबै स्थानीय तहलाई निर्देशन दिई सकेको बताउनु भयो ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार देवताल गाउँपालिका-७ पिपरपाती जब्दीका ४५ वर्षीय रामबलेश महतो क्यान्सर पीडितलाई सोही गाउँपालिकाका अध्यक्ष चन्दनकुमार सिंह र प्रमुख प्रशासकिय अधिकृत राजिवकुमार यादवले क्यान्सर अस्पताल भरतपुर जानका लागि गाउँपालिकाको एम्बुलेन्स नदिएको पीडित महतोले बताउनु भएको छ ।
नेपाल सरकारले घोषणा गरेको लकडाउन भएकोले अन्य एम्बुलेन्स नपाएको र नगरपालिकाको कार्यालयमा रोकेर राखिएको एम्बुलेन्स महतोलाई भरतपुर अस्पताल पुऱ्याउन प्रयोग गर्न अनुरोध गर्दा अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले एम्बुलेन्स नदिएको सोही वडाका वडा अध्यक्ष सतेन्द्रप्रसाद यादवले बताउनु भयो ।
क्यान्सर रोगबाट पीडित महतोलाई वैशाख २० गते अचानक पीडा हुन थालेपछि गाउँपालिकाको कार्यालयले नागरिकलाई एम्बुलेन्स सेवाबाट बञ्चित गरेकाले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएको वडा अध्यक्ष यादवले बताउनु भएको छ । एम्बुलेन्स सेवाबाट बञ्चित गर्ने गाउँपालिकाका पदाधिकारीलाई कारवाही गर्न पीडित महतोले माग गरेको पीडितले बताउनु भएको छ । भरतपुर क्यान्सर अस्पतालमा जान नपाएको सुचना आएकाले कार्यालयमा रहेको एम्बुलेन्स पठाएर सहयोग गरेको महागढीमाई नगरपालिकाका नगर प्रमुख उपेन्द्र यादवले बताउनु भयो । जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी रूद्रप्रसाद पण्डितले बैठकमा रहेको भनि कुनै प्रतिक्रिया जनाउनु भएन ।
बिश्रामपुर गाउँपालिकाको क्वारेन्टाइनमा बस्ने अबधि सकिएको र स्वास्थ्यकर्मीले नियमित स्वास्थ्य अनुगमन र कोरोना परीक्षण गर्दा नेगेटिभ रिपोर्ट आएकाले वैशाख १९ गते ३१ जना भारतीय नागरिकलाई उहाँहरूको घरसम्म जानका लागि यातायात खर्च र बाटोमा खाना खाने खर्च दिएर विदा गरेको गाउँपालिकाका अध्यक्ष अमिरिलाल पालले बताउनु भएको छ । एक जना नेपाली नागरिक समेत गरी ३२ जना घर पठाएको उहाँले बताउनु भयो ।
त्यसैगरी निजगढ नगरपालिका-११ रतनपुरको क्वारेन्टाइनमा बसेका १२ जना नगरिकलाई घर पठाएको निजगढ नगरपालिकाका नगर प्रमुख सुरेश खनालले बताउनु भयो ।
कोल्हवी नगरपालिकाको सपही क्याम्पसमा रहेको क्वरेन्टाइनमा भारतबाट बैवाहिक कार्यक्रममा आएका पाँच जना नागरिकलाई यातायात खर्च र खाना खर्च दिएर पठाएको नगर प्रमुख भरत भण्डारीले बताउनु भयो । क्वारेन्टाइनमा बसेका ४९ जना नागरिकको नियमित स्वास्थ्य अनुगमन, पीसीआर मेशिनबाट कोरोना परीक्षण गर्न स्वाब सङ्कलन गरी काठमाडौं पठाएको रिपोर्ट नेगेटिभ आएपछि स्वास्थ्यकर्मीको सल्लाह अनुसार घर पठाइएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी ओम खड्काले बताउनु भयो ।
जितपुरसिमरा उपमहानगरपालिका-१८ लामिडाडाका लकडाउन प्रभावित माझी र मुसहर समुदयका ६५ परिवारलाई संघीय सांसद रामबाबु कुमार यादवले वैशाख २० गते राहत वितरण गरेको यादवका नीजि सचिव कमलेश मण्डलले बताउनु भएको छ । चामल २५ किलो, आलु पाँच किलो, दाल दुई किलो, एक किलो खाने तेल, एक किलो नुन वितरण गरेको मण्डलले बताउनु भयो ।

जितपुरसिमरामा सञ्चालन भएको कोरोना विशेष अस्पतालमा बिग्रेको थर्मल गनबाट ज्वरो नापेको आरोप एक अर्काले लगाइरहेको विषयमा विवाद भइरहँदा प्रदेश सरकारका भौतिक पुर्वाधार विकास मन्त्री जितेन्द्र सोनल, प्रतिनिधि सभा सदस्य एकवाल मियाँ, प्रदेश सभा सदस्य शुन्दर विश्वकर्मा, सिता गुरूङ् लगायतकाले एउटा थर्मल गन र पाँच ओटा पीपीई वितरण गरेको सोनलका नीजि सचिव सन्तोष यादवले बताउनु भयो ।
प्रदेश सरकारले परवानीपुर गाउँपालिका-३ मा सञ्चालन भएका एम्बुलेन्सलाई गाउन दुई ओटा, चस्मा एक ओटा, सेनिटाइजर तीन ओटा, प्रसौनी स्वास्थ्य चौकीलाई पीपीई चार ओटा, परवानीपुर स्वास्थ्य चौकीलाई थर्मल गन एक ओटा वितरण गरेको नीजि सचिव यादवले बताउनु भएको छ ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**